# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०८।२४ गते।

# प्रेस विज्ञप्ति

**विषय:** जानकारी सम्बन्धमा।

जिल्ला प्रशासन कार्यालय, दोलखाका प्रमुख जिल्ला अधिकारी उप-सचिव खगेन्द्रप्रसाद रिजालले आफ्नो क्षेत्राधिकार भित्रका मुद्दाका अभियुक्तहरुलाई धरौटीमा रिहा गर्न निजहरुसँग घुस रकम लिएको भन्ने सूचना एवं पत्रपत्रिकाहरुमा प्रकाशित समाचारहरु उपर यस आयोगबाट अनुसन्धान भइरहेको र निज खगेन्द्रप्रसाद रिजालले भ्रष्टाचारजन्य कार्य गरेको सम्बन्धमा अनुसन्धान भइरहेको अवस्थामा निज पदमा बहाल रहिरहँदा आफ्नो बिरुद्धको प्रमाण लोप तथा नष्ट गर्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने भएको हुँदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (३) बमोजिम निलम्बन गर्नका लागि गृह मन्त्रालय सिंहदरवारमा लेखी पठाइएको छ ।

प्रवक्ता

प्रदीपकुमार कोइराला